# विपद उत्पन्न हुने मूल कारण




# विपद व्यवस्थापन चक्रमा पूर्वानुमानमा आधारित अग्रिम कार्यको मूल प्रवाहीकरण




विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन समय रेखा तथा यस समयमा गर्नुपर्ने कार्यहरु ?

| समय रेखा | विपद् व्यवस्थापनमा गर्नुपर्ने कार्यहरु |
|---|---|
| विपदपूर्व | न्यूनीकरण, पूर्वतयारी, रोकथाम, अनुकूलन, अल्पीकरण, पूर्वसूचना पूर्वानुमानमा आधारित पूर्वकार्यहरु |
| विपदको समयमा | विपद प्रतिकार्य (खोज तथा उद्धार, राहत ) |
| विपद् पश्चात | शीघ्र पुनर्लाभ, पुननिर्माण, पुर्नस्थापना, अल्पीकरण |

# पूर्वानुमान मा आधारित अग्रिम कार्य ?

**G7 परिभाषा (2022):**

***Anticipatory Action*** भन्नाले प्रारम्भिक कार्यहरु जस्को मुख्य उद्देश्य पूर्वानुमान गरिएका संकटहरूबाट उत्पन्न हुन सक्ने मानवीय तथा भौतिक प्रभावहरूलाई न्यूनिकरण गर्न अग्रिम रूपमा गरिने कार्यलाई जनाउँछ।

sdfa

यसका लागि विपद आउनु पुर्व नै स्पष्ट कार्ययोजना र कार्यविधि तयार गरि संकटासन्न क्षेत्र तथा संकटासन्न समुदाय को पहिचान गर्नुपर्दछ । विश्वसनीय प्रारम्भिक चेतावनी सूचना को आधारमा पुर्व निर्धारित वित्तीय व्यवस्थाको सुनिस्चित हुन् आवश्यक हुन्छ र पुर्व निर्धारित निश्चित **ट्रिगर थ्रेशहोल्ड** पुगेपछि यो वित्त भरपर्दो, र सक्दो छिटो परिचालित हुन्छ।




## परम्परागत विपद व्यवस्थापन




## पूर्वानुमान मा आधारित विपद व्यवस्थापन



# पूर्वानुमान मा आधारित अग्रिम कार्य परियोजना



## FORECAST BASED ANTICIPATORY ACTION PROJECT

WFP World Food Programme

needs BE RESILIENT nepal

# पूर्वानुमान मा आधारित अग्रिम कार्य को कार्यान्वयन

| तयारी | तत्परता (Readiness) | | पूर्वकार्य शुरु गर्ने (Activation) |
|---|---|---|---|
| मनसुन पूर्वतयारी वा ग्लोफास (ट्रिगर हुनु पहिले | ४-७ दिन अगाडी | १-३ दिन अगाडी | २४ घण्टा भित्र |

| | |
|---|---|
| तयारी चरण (सबै तयारी सक्ने) | हरियो |
| तत्परता चरण (सबै तयारी सुनिश्चित गर्ने साथै सम्पर्क समन्वय र संचार शुरु गर्ने) | पहेंलो |
| सक्रियता चरण (पूर्वकार्य शुरु गर्ने) | रातो |

एफ.बि.ए कार्यान्वयनका प्रक्रियाहरु- 9 steps from Analysis to Action






# परम्परागत विपद प्रतिक्रिया र पूर्वानुमान मा आधारित अग्रिम कार्य




# पूर्वचेतावनी प्रणाली

**पूर्वचेतावनी प्रणालीले निम्न जानकारी स्पष्ट रुपमा समावेस गर्नुपर्छ :**

१. कस्तो विपद आउन लागेको छ? (विपदको प्रकृति)

२. कुन क्षेत्र प्रभावित हुनेछ? (स्थान)

३. कति समयमा यो आइपुग्नेछ? (समयसीमा)

४. क्षतिको मात्रा ?

५.पूर्वानुमान को विश्वसनीयता?

५. पुर्व तयारिमा के के गर्ने ? (तत्कालिन कार्ययोजना )

**पूर्वानुमान जति सटीक हुन्छ, अग्रिम कार्य उति नै सजिलो र भरपर्दो हुन्छ**





## बाढीबाट जोगिन पूर्वतयारी गरौं

**बाढीको जोखिम घटाउने उपायहरु**

- नदी किनारमा घर-गोठ बनाउँदै नबनाऔं।
- घरछेउका खोला-नदीमा बेलैमा तटबन्ध लगाऔं।



**बाढी आउनु अगाडि गरिने पूर्वतयारी**

- वर्षायाममा सधैं मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं।
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं।
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाइलमा सेभ गरेर राखौ, सकिन्छ भने कण्ठ पारौं।
- आफ्नो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाइफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामग्रीहरुको जोहो गरेर सुरक्षित राखौं।
- आपत विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं।
- नागरिकता लालपुर्जा, लाइसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र र औषधी प्लाष्टिकले राम्ररी पोको पारेर घरको अग्लो ठाउँमा राखौ।
- टर्च, डोरी, सिट्टी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं ।



**बाढीको अवस्थाबारे बुझ्न टोल फ्री नम्बर: 1155**

